बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
शिक्षा युवा तथा खेलकुद शाखा
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं. १, नेपाल
(PROVIENCE - 1, NEPAL)


प.स. : २०७७।०७८
च.नं. : ४१३१



मिति: २०७८।०२।१८

**विषय : पाठशाला CUG सिम उपलब्ध गराउने वारे ।**

श्री बेलबारी नगरपालिका अन्तर्गतका सवै
सामुदायिक विद्‌यालयहरु

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको 'विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७' मा प्रस्तुत कार्यविधि अनुसार सार्वजनिक विद्यालयका शिक्षक र विद्यार्थीबीच सिकाई सम्पर्क कायम गराउन सार्वजनिक विद्यालय, स्थानीय तह र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विद्यार्थी र शिक्षकलाई मोबाइल सेवाको Closed User Group (CUG) मा आबद्ध गराउने योजना बमोजिम नेपाल टेलिकमले सम्पूर्ण सरकारी तथा सामुदायिक विद्यालयका विद्यार्थी, शिक्षक तथा विद्यार्थीका परिवारको कुनै एक सदस्यलाई आवश्यकता अनुसार 'पाठशाला CUG सिम' (प्रिपेड मोबाइल सिमकार्ड) निःशुल्क उपलब्ध गराउने र शैक्षिक संस्थाका विद्यार्थी, शिक्षक तथा विद्यार्थीका परिवारको कुनै एक सदस्यले हाल प्रयोग गरिरहनु भएका नेपाल टेलिकमका GSM तथा CDMA सेवाका प्रिपेड मोबाइल नम्बरहरु वा उहाँहरुलाई निःशुल्क प्रदान गरिएका प्रिपेड मोबाइल नम्बरहरुलाई Closed User Group (CUG)मा आबद्ध गर्न सकिने व्यवस्था रहेको छ ।

यसै सन्दर्भमा वेलवारी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाले विभिन्न मिटिङ वैठकको माध्यमवाट यस सम्वन्धमा काम गर्न अनुरोध गरिएको हाल सम्म पनि यस सन्दर्भमा खासै प्रगति हुन सकेको नदेखिएकाले यस नगरपालिकाको ध्यानाकार्षण भएको छ । यस सन्दर्भमा यहि २०८७ साल जेठ मसान्त भित्र तपसिलका कार्य सम्पन्न गरी सवै शिक्षक तया विद्यार्थीहरुले सियुजी सिम प्राप्त गर्ने व्यवस्था गर्नहुन निर्देशन गरिएको छ ।

१ वर्तमान कोभिडको प्रकोप नियन्त्रण नहुन्जेल र विद्यालयको पठनपाठन सुचारु नहुन्जेल सम्म शिक्षणका अन्य कुनैपनि वैकल्पिक विधि आकर्षित हुन नसक्ने देखिएकाले अनलाइन शिक्षण भन्दा अर्को विकल्प देखिदैन ।
२ यस परिस्थितिमा अनलाईन कक्षा सञ्चालन गर्न मोवाइल फोनको प्रयोग भन्दा अर्को प्रभावकारी विकल्प हामी सामु छैन ।
३ मोवाइल मार्फत कक्षा सञ्चालन गर्न अहिले हामी सामु २ वटा अवसर छन ।
- क नेपाल टेलिकमले सिम निशुल्क उपलब्ध गराउछ ।
- ख नेपाल टेलिकमलाई तिर्नु पर्ने १३० प्रति महिना शुल्क मध्ये नगरपालिकाले १२५ प्रति महिनाका दरले हाललाई ३ महिनाको रु ३७५ का दरले कक्षा ४ देखि १२ सम्मका सवै विद्यार्थीहरुलाई पुग्ने गरी विद्यालयको खातामा एकमुष्ठ निकासा दिने ।

सियुजी सिम प्राप्त गर्ने प्रकृया र त्यसवाट प्राप्त हुने सुविधा समेत उल्लेख गरिएको कागजात सवै प्रअ तथा उपलब्ध भएसम्म सवै शिक्षकहरुको इमेलमा पठाइ सकिएको छ ।कागजात प्राप्त नभएको भए सम्लग्न कागजातको अध्ययन गरी तपसिल वमोजिमका कार्य

# बेलबारी नगरपालिका

BELBARI MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय

OFFICE OF MUNICIPAL EXECUTIVE

शिक्षा युवा तथा खेलकुद शाखा

बेलबारी, मोरङ

BELBARI, MORANG

प्रदेश नं. १, नेपाल

(PROVIENCE – 1, NEPAL)


प.स. : २०७७।०७८

च.नं. :

## पाना नं २

प्रकृया पुरा गराई सवै विद्यार्थीहरुलाई पाठशाला CUG सिम उपलब्ध गराई आगामी शैक्षिक सत्रको शुरुवात अवस्था देखिनै पठनपाठन सुचारु गर्ने वातावरण तयार गर्न हुन अनुरोध छ ।

## तपसिल

<u>क विवरण तयार गर्न</u>

१ शिक्षा विभागको lemis.doe.gov.np मा log in गरी विद्यालयको Excel download गर्ने ।

२ Download गरिएको excel खोलेर Report भन्ने ट्ट्याव वाट ४ देखि १२ कक्षा सम्मा विद्यार्थी download गर्ने ।

३ download गरिएको excel बाट अनावश्यक विवरण हटाई तपसिल बमोजिमको विद्यार्थी विवरण तयार गर्ने । यो विवरण अग्रेजी मै तयार गरेपनि हुन्छ । विवरण कक्षा गतरुपमा अलग अलग तयार गरी विद्यालयको letter pad मा २ कपी प्रिन्ट गरी सिफारिस पाउनका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

| क्र. सं. | नाम | विद्यार्थी/शिक्षक/कर्मचारी/ अभिभावक | कक्षा (अभिभावक भए विद्यार्थीको कक्षा उल्लेख गर्नुहोस्) | मोबाइल नम्वर अभिभावकले प्रयोग गर्ने भएमा विद्यार्थीको नाम उल्लेख गर्नुहोस् | मोबाइल नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | रामबहादुर लामा | विद्यार्थी | १ | - | ९८४१०००००० | |
| २. | शिवराम भण्डारी | अभिभावक | ३ | सीता भण्डारी | ९८४१४०६८९० | |
| | | | | | | |

यो विवरणको साथमा यो सिम प्रास गर्न भर्नु पर्ने फारम भरी तपसिल बमोजिकका कागजातहरु समावेश गरी क्रमश नाम अनुसार राख्नु पर्नेछ । सिम प्राप्त गर्न चाहाने शिक्षक विद्यार्थी र अभिभावकको अलग अलग विवरण तयार गरी फारम भर्नु पर्नेछ ।

<u>ख फाराम साथ सम्लग्न राख्नु पर्ने कागजातहरु:</u> यसैसाथ सम्लग्त फारम

भूपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दशौं

(क) विद्यार्थीको लागि:

अ) विद्यार्थीको परिचयपत्रको प्रतिलिपि वा सम्वन्धित विद्यालयद्वारा विद्यार्थी प्रमाणित गरिएको कागजात।

प.स. : २०७७।०७८
च.नं. :

# पाना नं ३

आ) विद्यार्थीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी वा विद्यार्थीको नागरिकता नभएमा अभिभावकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

इ) विद्यार्थीको एक प्रति फोटो (आवेदन फारामको निर्धारित स्थानमा टाँस्नुपर्ने) ।

(ख) शिक्षकको लागिः

अ) शिक्षकको परिचयपत्रको प्रतिलिपी वा सम्वन्धित विद्यालयद्वाराशिक्षक प्रमाणित गरिएको कागजात।

आ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

इ) एक प्रति फोटो (आवेदन फारामको निर्धारित स्थानमा टाँस्नुपर्ने) ।

(ग) अभिभावकको लागिः

अ) आफुसंग सम्बन्धित विद्यार्थीको परिचयपत्रको प्रतिलिपी वा सम्वन्धित विद्यालयद्वारा अभिभावक प्रमाणित गरिएको कागजात।

आ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

इ) एक प्रति फोटो (आवेदन फारामको निर्धारित स्थानमा टाँस्नुपर्ने) ।

भूपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दशौं